# सङ्घीय नेपालमा मानवअधिकार र विधिको शासन : इन्टरनेशनल कमिशन अफ जुरिस्टस् (आइसिजे) को उच्चस्तरीय अध्ययन टोलीका सिफारिसहरु

जुलाई २०२०

icj
International
Commission
of Jurists

विश्वका सबै क्षेत्रका ६० जना न्यायधीश र वकिलहरु सम्मिलित इन्टरनेश्नल कमिशन अफ जुरिष्टस् (आईसीजे) ले राष्ट्रिय र अन्तर्राष्ट्रिय न्याय प्रणालीको विकास र सवलिकरण गर्न आफ्नो अद्वितीय कानूनी विशेषज्ञताको प्रयोग गर्दै कानूनको शासन मार्फत मानव अधिकारको प्रवर्द्धन र संरक्षण गर्दछ। सन् १९५२ मा स्थापित र पाँच महाद्वीपमा क्रियाशिल आईसीजे मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको विकास र प्रभावकारी कार्यान्वयनमा सुनिश्चित गर्ने, नागरिक, सांस्कृतिक, राजनीतिक र सामाजिक अधिकारको साक्षात्कारलाई हासिल गर्ने; शक्तिपृथकीकरण सुरक्षित गर्ने; र न्यायपालीका र कानूनव्यवसायको स्वतन्त्रता प्रत्याभुत गर्ने लक्ष्य राख्दछ।

® सङ्घीय नेपालमा मानवअधिकार र विधिको शासन : इन्टरनेश्नल कमिशन अफ जुरिस्टस् (आइसिजे) को उच्चस्तरीय अध्ययन टोलीका सिफारिसहरु

© न्यायकर्मीहरुको अन्तर्राष्ट्रिय आयोग (अईसीजे)
प्रकाशित जुलाई २०२०

न्यायकर्मीहरुको अन्तर्राष्ट्रिय आयोग (आईसीजे) ले आफ्नो प्रकाशनबाट कुनै पनि अंशहरुको प्रकाशन गर्न अनुमति दिन्छ र उक्त अंशको प्रकाशनको लागि आईसीजेको नाम उल्लेख गर्नुपर्छ र उक्त अंश संलग्न प्रकाशनको एक प्रति आईसीजेको मुख्यालय जसको ठेगाना तल दिइएको छ त्यसमा पठाउनु पर्छ।

International Commission of Jurists (ICJ)
P.O. Box 91
Rue des Bains 33
Geneva
Switzerland

इन्टरनेश्नल कमिशन अफ जुरिष्टस् (आईसीजे)
पो.ब.नं. ९१
रुई डेस वाइन्स ३३, जेनेभा
स्विट्जरल्याण्ड

The ICJ is grateful for the financial support from the Embassy of The Federal Republic of Germany in Nepal.

Embassy
of the Federal Republic of Germany
Kathmandu

## सङ्घीय नेपालमा मानवअधिकार र विधिको शासन : इन्टरनेश्नल कमिशन अफ जुरिस्टस् (आइसिजे) को उच्चस्तरीय अध्ययन टोलीका सिफारिसहरु

## जुलाई २०२०

### मुख्य सारांश

मानवअधिकार उल्लंघन र ज्यादतीप्रतिको जवाफदेहीता नेपालमा वि.सं. २०६३ को विस्तृत शान्ति सम्झौता यता सार्वजनिक बहसको एउटा महत्वपूर्ण पाटो रहँदै आएको छ । दशक लामो द्वन्द्वपछि भएको उक्त शान्ति सम्झौतामा मानवअधिकार उल्लंघनका दोषीहरुलाई जवाफदेही बनाउने र पीडितहरुलाई उचित परिपूरण उपलब्ध गराउन दुवै पक्षले सहमति जनाएका थिए । द्वन्द्वले जातीय अल्पसंख्यक, दलित र महिलाहरुले लामो समयदेखि सामना गर्दै आएको संरचनागत भेदभाव उजागर पनि गर्‍यो । शान्ति सम्झौताको झण्डै पन्ध्र बर्षपछि नेपालको मानवअधिकार कानून, संरचनाहरुमा भएको उल्लेखनीय सुधारका बावजुद मानवअधिकार उल्लंघनबाट पीडित व्यक्तिहरुले न्यायको पहुँचमा अझै पनि धेरै व्यवधानहरुको सामना गरिरहेका छन् । ती उल्लंघनहरुका मुख्य कारक तत्वहरु अझै पनि विद्यमान छन् । अर्को शब्दमा भन्नुपर्दा द्वन्द्वरत पक्षहरुले जवाफदेहितासम्बन्धी गरेका प्रतिवद्धताहरु अझै पनि पूरा भएका छैनन् ।

सन् २०१७ मा आइसिजेले विश्वव्यापी स्तरमा अधिकारको कानूनी संरक्षणमा भएको प्रगति र अवरोध दुवैको समीक्षा गर्ने अन्तर्राष्ट्रिय परियोजनाको एउटा अंशका रुपमा, नेपालमा जवाफदेहिता र विधिको शासनसम्बन्धी एक अध्ययन गरेको थियो । उक्त अध्ययनले मानवअधिकार कानून, नीति र विधिशास्त्रको विकासमा भएको उल्लेखनीय प्रगतिका बावजुद नेपाल दण्डहीनताको दलदलमा फस्दै गएको तथ्य फेला पारेको थियो । अवरुद्ध संक्रमणकालीन न्याय प्रक्रिया, कमजोर बनाइएका न्यायिक निकाय, बढ्दो रुपमा विभाजित हुँदै गएको नागरिक समाज र संस्थागत भेदभाव जवाफदेहिताको संकट एवं यसका केही सुचकको रुपमा प्रतिवेदनमा समावेश गरिएको थियो ।

यस प्रतिवेदनले सन् २०१९ को डिसेम्बर महिनामा आइसीजेका आयुक्त तथा उच्चपदस्थ कर्मचारीहरुले नेपालमा पुनः अध्ययन भ्रमण गरि निकालेको निष्कर्षहरुलाई अभिलेखीकरण गरेको छ । यसमा सन् २०१७ को अध्ययन प्रतिवेदनका निष्कर्षहरुलाई पनि पुनरावलोकन गर्ने प्रयास गरिएको छ । यसले नयाँ सङ्घीय शासन प्रणाली लागु गर्ने २०७२ को संविधानका प्रावधानहरुको कार्यान्वयन, फौजदारी न्याय प्रणालीलाई प्रभावित गर्ने मुलुकी अपराध संहिता र अन्य कानूनहरुमा भएका संशोधनहरु, राजनीतिक तथा कानूनी प्रणालीमा भएका हालैका परिवर्तनहरु र स्थिर (तर मानवअधिकार मैत्री वा पूर्ण रुपमा प्रतिनिधिमूलक नभएको) सरकार सत्तासीन भए यता मानवअधिकारमा परेका प्रभावहरुमा विशेष ध्यान दिएको छ ।

**अध्ययन टोलीका मुख्य निष्कर्षहरुलाई देहाय अनुसार संक्षेपिकरण गर्न सकिन्छ :**

१) **कार्यान्वयनको अभाव**: नेपालले अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धि कानूनका महत्वपूर्ण तत्वहरु आत्मसाथ गर्ने कानून र प्रगतिशील विधिशास्त्रको विकासमा उल्लेखनीय प्रगति गरेको छ । यद्यपि, ती

कानून र न्यायिक निर्णयहरु धेरै अवस्थामा कार्यान्वयन भएका छैनन् वा सक्रिय रुपमा अवमुल्यन गर्ने काम गरिएको छ, जसले गर्दा सरकारमाथिको जनविश्वास र पीडितहरुका लागि न्यायमा पहुँच जस्ता विषयहरु कमजोर हुँदै गएका छन् ।

२) **स्वतन्त्र र निष्पक्ष संस्थाहरु** : नेपालले प्रहरी, सरकारी वकिल कार्यालय न्यायपालिका, संक्रमणकालीन न्याय संयन्त्र र राष्ट्रिय मानवअधिकार निकायहरु लगायतका न्यायिक संस्थाहरुको स्थापना र क्षमता विकासमा प्रगति गरेको छ । यद्यपि, यी संस्थाहरुको सक्षमता र स्वतन्त्रता कमजोर अवस्थामा रहनुका साथै संस्थाहरुमा हुने नियुक्ति प्रक्रिया देखि कार्यसञ्चालन अभ्यास तथा निर्णय वा प्रतिवेदनहरुको पारदर्शिताका सबै चरणहरुमा राजनीतिक प्रभाव एवं हस्तक्षेपको जोखिममा रहेका वा त्यस्तो अनुभव गर्ने गरेका छन् ।

३) **जवाफदेहीता र न्यायमा पहुँच** : कानूनमा सुधार र संस्था निर्माणमा भएको प्रगतीका बावजुद अधिकांश नेपालीहरु न्याय प्रणालीको पहुँचमा पुरानै व्यवधानहरुको सामना गरिरहेका छन् । अग्रपङ्क्तिका संस्थाहरु, विशेषगरी प्रहरीमा समुदायहरुसँग प्रभावकारी अन्तरक्रिया गर्ने राजनीतिक इच्छा र क्षमताको अभाव छ र साधारण नेपालीहरु (विशेषगरी जातीय अल्पसङ्ख्यक समुदायका व्यक्तिहरु) ले अदालतमार्फत उपचार लिने क्रममा कहिलेकाहीँ धेरै ठुला अवरोधहरुको सामना गर्छन् । यि अवरोधहरुको निरन्तरता, परिवर्तनका लागि बहस पैरवी गर्ने नागरिक समाजको भुमिका सीमित बनाउने सरकारको सुनियोजित प्रयासले सामाजिक स्थिरतालाई नै खतरा पुऱ्याउने हदसम्म सरकारमाथिको जनविश्वासलाई क्षति पुऱ्याउने काम गरेका छन् ।

प्रतिवेदनमा नेपालमा दण्डहिनता संकटको कारक तत्वहरुमाथि केही विचार प्रस्तुत गरिएका छन । प्रगतिशील मानवअधिकार कानून र विधिशास्त्रका बावजुद नेपालमा न्यायमा पहुँच र अर्थपूर्ण जवाफदेहिता अझै पनि किन धेरै टाढा छ भन्ने विषयमा केही निष्कर्षहरु प्रस्तुत गरिएका छन् । यी निष्कर्षहरु विगतका अन्यायहरु र वर्तमानका असमानताहरुलाई बुझ्न र द्वन्द्वपछिका अपेक्षाहरुलाई पूरा गर्न राजनीतिक, कानूनी र संस्थागत सुधार किन असफल भए र राजनीतिक, कानूनी र संस्थागत सुधार मार्फत तिनलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित छन् । प्रतिवेदनका केही निष्कर्षहरु :

- नेपाली शासन व्यवस्था र न्यायिक निकायहरु राम्रा कानून तथा नीतिगत प्रयासहरुलाई कार्यान्वयन गर्न लगातार असफल हुँदा सृजित अत्यन्त घातक र गिर्दो विश्वसनियताको समस्याले जकडिएका छन् । यसले गर्दा न्यायिक संस्थाहरुमाथिको जनविश्वास क्षीण मात्र नभई न्यायिक संस्थाका निर्णयहरुको कार्यान्वयन हुनेछ र शासन व्यवस्थाले निष्पक्ष न्याय दिनसक्छ भन्ने सम्बन्धमा जनविश्वास कमजोर बन्नजाने जोखिम छ ।

- द्वन्द्व र द्वन्द्वपछिका मानवअधिकार उल्लङ्घनका घटनाहरु असम्बन्धित छन् र तिनलाई फरक संस्था एवं विधिमार्फत सम्बोधन गरिनुपर्छ भन्ने अभ्यासले हालका भेदभावजन्य कार्य वा द्वन्द्वकालिन हिंसा र मानवअधिकार उल्लङ्घनका सबैखाले पीडितहरुले सामना गरेको न्यायमा पहुँचका साझा व्यवधानहरुलाई ओझेलमा पार्ने काम गरेको छ । सबै हिंसा (आर्थिक, जातीय र जातमा आधारित असमानतासहित) का कारक तत्वहरु र प्रजातान्त्रिक शासन, कानूनको

कार्यान्वयन र न्यायिक संस्थाहरुमा व्याप्त संस्थागत कमजोरीबीचको सम्बन्धलाई पुनरावलोकन गर्न जरुरी छ ।

- अन्तर्राष्ट्रिय मानवअधिकार कानूनले नेपालमा निःसन्देह महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसलाई संवैधानिक र विधायिकी कानूनका साथै सर्वोच्च अदालतको विधिशास्त्रमा पनि समावेश गरिएको छ । अन्तर्राष्ट्रिय संघसंस्थाहरुले महत्वपूर्ण ऐतिहासिक समयमा प्रजातान्त्रिक परिवर्तन र मानवअधिकार जवाफदेहितालाई सहयोग पुऱ्याउने कार्यमा रचनात्मक भूमिका निर्वाह गरेका छन् । हालैका राष्ट्रवादी र प्रचारमुखी प्रवृत्तिका बावजुद अन्तर्राष्ट्रिय संस्थाहरुले रचनात्मक भुमिका खेल्ने गरेको इतिहासले मानवअधिकार संरक्षणहरुको थप विकासलाई सकारात्मक रुपमा प्रभावित गर्न मानवअधिकार कानून र अन्तर्राष्ट्रिय निकायहरुको निरन्तरको सान्दर्भिकताका लागि बलियो आधारशिला खडा गर्दछ ।

- सुधारको गुणस्तर र गतिका सम्बन्धमा रहेका चासोहरु बाहेक, न्याय र शासन व्यवस्थाका सबैभन्दा धेरै गम्भीर मुद्दाहरुको समाधानका लागि सङ्घीय, प्रादेशिक र स्थानीय तहका सरोकारवालाहरुबीच अन्तरक्रिया र समन्वय आवश्यक छ । मानवअधिकार र विधिको शासनलाई संरक्षण र प्रवर्द्धन गर्न नयाँ सङ्घीय संरचनाहरु तथा यस्ता संरचनाहरु बिचको सम्बन्धहरुले प्रदान गर्ने अवसरहरु उल्लेखनीय रुपमा आशा लाग्दो र महत्वपूर्ण छन् । न्याय, शासन व्यवस्था र ऐतिहासिक भेदभावबीचको सम्बन्ध लगायत सुधारको प्रकृति र गतिका बारेमा रहेको सामाजिक तथा राजनीतिक असहमतिहरुमा अन्तर्निहित तनावहरुलाई सम्बोधन गर्ने कार्य प्राथमिकताको विषय हुनुपर्छ ।

उल्लेखित निष्कर्षहरुको आधारमा प्रतिवेदनले केही सिफारिसहरु प्रस्तुत गरेको छ, जुन् 'विधिको शासन' को संरक्षणको एकल मूलभूत चासोमाथि केन्द्रित रहेका छन् । विधिको शासनको अवधारणामा न्यायमा पहुँच, जवाफदेहिता, उपचारको हक, र सरकारी तथा गैरसरकारी न्यायिक निकायहरुको उत्तरदायित्वका चासोहरु समेटिन्छन् ।

विस्तृत सिफारिसहरु प्रधानमन्त्रीको कार्यालय, सङ्घीय तथा प्रादेशिक व्यवस्थापिका, नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय, सर्वोच्च अदालत र राष्ट्रिय न्यायिक प्रतिष्ठानसहितको न्यायपालिका, राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाज र कुटनीतिक समुदायहरुतर्फ निर्देशित छन् ।

**सिफारिसहरु**

**प्रधानमन्त्रीको कार्यालय तथा नेपाल सरकारका अन्य निकायहरुका लागि**

- जन्मदर्ता प्रमाणपत्र जारी गर्ने विद्यमान कानूनी तथा प्रशासनिक प्रावधानहरु विभेद रहित रहेको र ती प्रावधानहरुको कार्यान्वयन नागरिकताको अवस्थासँग जोडिने छैन भन्ने कुराको सुनिश्चिता गर्ने ।

- वि.सं. २०७२ को संविधानले स्थापित गरेका आयोगहरुका सम्पूर्ण सदस्यहरुको नियुक्ति अति जरुरी विषयका रुपमा अघि बढाउने, र ती आयोगहरुलाई स्वतन्त्र रुपमा कार्य गर्न पर्याप्त आर्थिक तथा मानव स्रोत साधनको व्यवस्था गर्ने ।

- राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता र कार्यादेश कटौती गर्ने प्रयासहरु बन्द गर्ने, जसमा आयोगको अनुसन्धान गर्ने अधिकार वा यसका सिफारिसहरुको कार्यान्वयनलाई सीमित बनाउने कानून खारेज गर्ने ।

- छाउपडी, वैवाहिक बलात्कार र महिला विरुद्धका सबै प्रकारका हिंसाहरुलाई निषेध गर्ने कानून, विधिशास्त्र र संवैधानिक प्रावधानहरुको कडाइका साथ कार्यान्वयन गर्ने ।

- न्यायिक निर्णयहरु, र राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य निकायहरुका सिफारिसहरुको कार्यान्वयको अवस्थासम्बन्धी प्रधानमन्त्री कार्यालयको तथ्याङ्क प्रकाशित गर्ने; र त्यस्ता न्यायिक निर्णय तथा मानव अधिकार आयोग एवं अन्य निकायका सिफारिस कार्यान्वयनमा रहेको अभावलाई सम्बोधन गर्ने कार्ययोजना सार्वजनिक गर्ने ।

- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, उजुरी प्रक्रिया सम्बन्धी बालअधिकार सम्बन्धी महासन्धिको ऐच्छिक आलेख, यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेख, बलपूर्वक वेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरुको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र आप्रवासी श्रमिक र तिनीहरुका परिवारका सदस्यहरुको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि लगायतका हालसम्म नेपाल पक्षराष्ट्र नबनेका मानवअधिकार सम्बन्धी सन्धिहरुको अनुमोदन वा सम्मिलनलाई प्रवर्द्धन गर्ने ।

- यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेखको अनुमोदन नभएसम्मको समयका लागि उक्त आलेखका प्रावधानहरु अनुरुप यातना र अन्य दुर्व्यवहारबाट संरक्षण प्रदान गर्न थुनुवा केन्द्रहरुको अनुगमन गर्ने एउटा राष्ट्रियसंयन्त्रको गठन गर्ने ।

- संक्रमणकालीन न्याय प्रक्रियासम्बन्धी विद्यमान कानूनी संरचनालाई सर्वोच्च अदालतद्वारा स्थापित विधिशास्त्र, नेपालको अन्तर्राष्ट्रिय कानूनी दायित्व र अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड अनुरुप हुनेगरी संशोधन गर्नु पर्ने, साथै कानूनमा गरिनुपर्ने आवश्यक संशोधनहरु सर्वज्ञात छन्, र यदि यी संशोधनहरु सम्पन्न भएमा वर्तमान सरकारको घोषित लक्ष्य अनुरुप संक्रमणकालीन न्याय प्रक्रियालाई अघि बढाउन आवश्यक सहमति निर्माण गर्नेछ । साथै उक्त संशोधन प्रक्रिया पारदर्शी र परामर्शजन्य रहेको सुनिश्चित गर्ने ।

- संक्रमणकालीन न्याय निकायहरुमा आयुक्तहरुको नियुक्तिका लागि पारदर्शी र प्रभावकारी परामर्शमा आधारित रहेको नयाँ प्रक्रियाको थालनी गर्ने ।

### व्यवस्थापिका-संसद्का लागि

- २०७२ को संविधानका मौलिक हकसम्बन्धी प्रावधानहरुलाई कार्यान्वयन गर्ने कानूनहरु समानता र कानूनको अगाडी समान संरक्षण सम्बन्धी संवैधानिक प्रतिबद्धता अनुरुप पारदर्शी र परामर्शजन्य विधिद्वारा पारित गर्ने ।

- आमाबाट छोराछोरीलाई नागरिकता प्रदान गर्ने अधिकारसहित विनाभेदभाव नागरिकताको अधिकार प्रत्याभूत गर्न नागरिकतासम्बन्धी ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयकजस्ता कानूनको संशोधन गर्ने वा संविधानमा संशोधनको प्रयास गर्ने ।

- मौलिक हकलाई कार्यान्वयन गर्ने कानून र सम्बन्धित अन्य कुनै पनि कानूनमा नेपालको अन्तर्राष्ट्रिय कानूनी दायित्व अनुरुप गैरनेपाली नागरिकहरुलाई पनि समान मानवअधिकार संरक्षणहरुको प्रत्याभूति गरिएको सुनिश्चितता गर्ने ।

- न्याय परिषद्का कम्तीमा पनि बहुमत सदस्यहरु न्यायाधीश रहने, नागरिक समाजको पर्याप्त रुपमा प्रतिनिधित्व गरिने, र राजनीतिक प्रभाव तथा हस्तक्षेप रोक्न स्वार्थ बाझिने अवस्था विरुद्धका संरक्षणहरुका उपायहरु निर्माण एवं लागु गरिएको छ भन्ने कुराको सुनिश्चितताकोलागि कानूनी वा संवैधानिक सुधार गर्ने ।

- न्याय सेवा आयोगका सम्बन्धमा पनि सोही बमोजिमका कदमहरु चाल्ने र विविधता, न्यायिक स्वतन्त्रता तथा जवाफदेहिताका चासोहरुलाई सम्बोधन गर्ने प्रदेश स्तरिय न्याय सेवा आयोग गठनका लागि आवश्यक कानून पारित गर्ने ।

- राष्ट्रिय मानवअधिकार आयोगको कार्यादेश, अधिकार र स्वतन्त्रता कटौती गर्ने कानून अस्वीकृत गर्ने ।

- बलात्कार, जबरजस्ती वेपत्ता पार्ने कार्य र जीवनको अधिकार उल्लङ्घन गर्ने गैरकानूनी हत्यासहित यातना जस्ता मानवअधिकारको गम्भीर उल्लङ्घनमा रहेको उजुरी गर्ने हदम्याद सम्बन्धी व्यवस्था हटाउन मुलुकी अपराध संहिता र अन्य कानूनका सम्बन्धित प्रावधानहरुमा संशोधन गर्ने ।

- मेडिया काउन्सिल सम्बन्धी विधेयक, आमसञ्चार विधेयक, सूचना प्रविधिसम्बन्धी विधेयक र विशेष सेवासम्बन्धी विधेयक जस्ता अभिव्यक्तिको स्वतन्त्रता, संगठित र भेला हुन पाउने अधिकारको कटौती गर्ने कानून अस्वीकृत गर्ने तथा अनलाईनमा हुने अभिव्यक्ति नियमन गर्ने कानून पारित गर्ने हो भने त्यसलाई परामर्शजन्य र पारदर्शी नीतिगत संवादमार्फत गरिनु पर्ने ।

- न्यायिक समितिहरुको क्षेत्राधिकार स्पष्ट गर्न, सबै प्रकारका मुद्दाहरुमा अदालतमा पुनरावेदन लाग्ने अधिकारसहित उचित प्रक्रिया सम्बन्धी अधिकारलाई स्पष्ट रुपमा प्रत्याभूत गर्न र

निर्णयहरु उपयुक्त ढंगले अभिलेखन गरिएको तथा पारदर्शी रहेको सुनिश्चित गर्न स्थानीय सरकार सञ्चालन ऐन, मेलमिलापसम्बन्धी ऐन र सम्बन्धित अन्य कानूनहरुको संशोधन गर्ने ।

- नेपाल हालसम्म पक्ष राष्ट्र नबनेको मानवअधिकारसम्बन्धी सन्धिहरु (नेपाल सरकारका लागि माथी उल्लेखित सिफारिसहरुमा सूचिकृत सन्धिहरु सहित) को अनुमोदन वा सम्मिलन गर्ने ।

**नेपाल प्रहरीका लागि**

- प्रहरी थुनामा यातना तथा दुर्व्यवहार र स्वेच्छाचारी पक्राउका आरोप र प्रहरी संलग्न अन्य अपराधहरुको सम्बोधन गर्न सुदृढ र स्वतन्त्र आन्तरिक जवाफदेहिता संयन्त्र गठन गर्ने प्रतिबद्धता पूरा गर्ने; अन्य देशहरुका तुलनात्मक अनुभवबाट सिक्न अन्तर्राष्ट्रिय सहयोगलाई स्वागत गर्ने ।

- यातना तथा दुर्व्यवहारका कुनै पनि आरोपहरु यातना विरुद्धको संयुक्त राष्ट्र संघिय समितिको सिफारिस अनुरुप न्यायिक सुपरिवेक्षणमा स्वतन्त्र निकायबाट अनुसन्धान गर्ने प्रतिबद्धता जनाउने ।

- “साविती” गराउन अनुसन्धानको प्रारम्भमा शंकास्पद व्यक्तिहरुको केरकार गर्ने अभ्यासको अन्त्य गर्न सबै कदमहरु चाल्ने ।

- मानवअधिकार एवं अन्तर्राष्ट्रिय कानून, मापदण्ड तथा असल अभ्यासहरुका सम्बन्धमा प्रहरीका लागि दिगो तालिम कार्यक्रम अन्तर्गत मिनेसोटा प्रोटोकल लगायतका अन्तर्राष्ट्रिय कानून र मापदण्ड अनुरुप साक्षीको संरक्षण, प्रमाणको सुरक्षा, लैङ्गिक विभेद र यौनिक तथा लैङ्गिकतामा आधारित हिंसाको अनुसन्धान लगायतका विषयहरुमा उपयुक्त अनुसन्धान विधिसम्बन्धी तालिमहरुको आयोजना गर्ने ।

- कुनै अपराध भएको आरोपको जाहेरी दरखास्त प्रहरीले अनिवार्य रुपमा दर्ता गर्नुपर्ने बनाउन निर्देशन जारी गर्ने र प्रचलित कानूनाई प्रभावकारी रुपमा लागु गर्ने ।

- गैरकानूनी पक्राउ, दुर्व्यवहार वा गैरन्यायिक हत्या लगायतका प्रहरी दुर्व्यवहारका आरोपहरुमाथीको अनुसन्धान सामान्य प्रहरी चेन अफ कमाण्ड बाहिरको स्वतन्त्र निकायबाट तत्काल, विस्तृत र प्रभावकारी रुपमा गरिएको सुनिश्चित गर्नु पर्ने र त्यस्तो अनुसन्धान आरोपित व्यक्ति कार्यरत रहेको उही कार्यालयका अधिकारीहरुबाट नगरिने कुराको सुनिश्चतता गर्ने ।

- नागरिक समाजबाट भैरहेको थुना केन्द्रहरुको अनुगमनलाई सहजीकरण गर्ने र प्रहरी संरचना सुधारका अन्य मुद्दाहरुमा संलग्न नागरिक समाज बिच समन्वयकारी प्रयासहरु अवलम्बन गर्ने । बन्दीहरुले विना रोकटोक कानूनी परामर्शमा पहुँच प्राप्त गरेको सुनिश्चित गर्ने ।

- वैवाहिक बलात्कार र छाउपडीका पीडितहरु जस्ता विशेष जोखिममा रहेका पीडितहरुलाई ध्यानमा राख्दै पीडित र साक्षीहरुको संरक्षण गर्ने उपायहरुको विकास र प्रस्ताव गर्ने ।

**महान्याधिवक्ताको कार्यालयका लागि**

- यातना र जबरजस्ती वेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने नयाँ मुलुकी अपराध संहिताका प्रावधानहरु अन्तर्गत दायर भएका मुद्दाहरुको संख्या, प्रकृति, अवस्था एवं फछ्र्यौट बारे यथार्थ र पछिल्लो तथ्याङ्कहरु प्रकाशित र आवधिक रुपमा अद्यावधिक गर्ने ।

- प्रहरी अनुसन्धानको प्रभावकारी सुपरिवेक्षण र आवश्यक भएको अवस्थामा अभियोजन गर्ने लगायत यातना र जबरजस्ती वेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने मुलुकी अपराध संहिताका प्रावधानहरुका साथै अन्य दुर्व्यवहार र बाँच्न पाउने अधिकारको स्वेच्छाचारी बञ्चितीकरण (गैरकानूनी हत्या) लाई समेट्ने अन्य कानूनी प्रावधानहरुको कार्यान्वयन गर्ने ।

- दुर्व्यवहार विरुद्ध रोकथाम उपायका रुपमा थुना केन्द्रको अनुगमन गर्न र प्रहरी थुना गृहको अनुगमन तथा सुपरिवेक्षणमा सुधार ल्याउने प्रदेश स्तरीय प्रयासहरुको अनुमोदनका लागि मुख्य न्यायाधिवक्ता र अभियोजनसँग सम्बन्धित सबै कर्मचारीहरुलाई मार्गदर्शन सहित परिपत्र जारी गर्ने ।

- निष्पक्ष सुनुवाईको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सन् २०१५ मा तराईमा भएको प्रदर्शनका क्रममा प्रहरीद्वारा गरिएको गैरकानूनी र अत्याधिक बलप्रयोगका घटनाहरुको गम्भीर तथा प्रभावकारी रुपमा अनुसन्धान र अभियोजन गर्ने ।

- अदालतले आदेश जारी गरेको क्षतिपूर्ति लगायतको परिपूरण पीडित तथा पीडित परिवारहरुले प्राप्त गरेको सुनिश्चित गर्न कदम चाल्ने ।

- अभियोजनकर्ताहरुको कार्यगत स्वतन्त्रता सुनिश्चित गर्ने र सर्वोच्च अदालत लगायत महान्यायाधिवक्ताको कार्यालयमा राजनीतिक नियुक्ति पाएका व्यक्ति वा राजनीतिक व्यक्तित्वहरुबाट हुने अनुपयुक्त प्रभावबाट उनीहरुलाई मुक्त गर्ने ।

**न्यायपालिकाका लागि**

- अनावश्यक बाह्य प्रभावको सम्भावनालाई न्यूनिकरण गर्न मुद्दाहरुको बाँडफाँडसम्बन्धी नयाँ निर्देशिका निर्माण लगायत अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षता बढाउन आन्तरिक सुधारका कार्यक्रमहरुको थालनी गर्ने ।

- न्यायपालिकाको सबै तहमा न्यायाधीशहरुको लैङ्गिक, जातीय र अन्य अवस्थाको विविधता र प्रतिनिधिमूलकतालाई व्यापक बनाउने न्यायिक नीतिको कार्यान्वयन सुनिश्चित गर्न नयाँ कार्यक्रम घोषणा गर्ने ।

- प्रहरीबाट अनुरोध भई आएको पक्राउ पूर्जि जारी आदेशमा छाप लगाउने काम मात्र नगरि यस सम्बन्धमा न्यायाधीशहरुले सारभूत रुपमा छानविन गर्ने कार्यादेश पाएको सुनिश्चित गर्न फौजदारी कार्यविधि संहिताको पक्राउ पुर्जी सम्बन्धी व्यवस्थाहरुबारे राष्ट्रिय न्यायिक प्रतिष्ठानसँग मिलेर तालिमहरुको आयोजना गर्ने ।

- संयुक्त राष्ट्र संघीय यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेख अन्तर्गत स्थापित मापदण्ड अनुरुप दुर्व्यवहार, यातना वा अन्य उल्लङ्घनहरु विरुद्ध संरक्षण प्रदान गर्न थुना केन्द्रहरुको अनुगमन (भ्रमण समेत) गर्नका लागि जिल्ला न्यायाधीशहरुको भूमिकाका बारेमा मार्गदर्शन प्रदान गर्ने ।

- सरकारी निकायहरुबाट सर्वोच्च अदालत र अन्य न्यायिक निकायका निर्णयहरुको कार्यान्वयन सम्बन्धी तथ्याङ्क प्रकाशित र अद्यावधिक गर्ने; "आंशिक कार्यान्वयन" को निर्धारणले कार्यान्वयन नभएका निर्णयहरुलाई ढाकछोप गर्ने गरी तथ्याङ्कहरु तोडमोड नगरिएको सुनिश्चित गर्न आवश्यकता अनुसार सूचकहरुको विकास गर्ने ।

- न्यायाधीशहरुको पाठ्यक्रममा अन्तर्राष्ट्रिय मानवअधिकार कानून तथा मापदण्डहरुका साथै असल अभ्यासहरु समावेश गर्ने राष्ट्रिय न्यायिक प्रतिष्ठानका प्रयासहरुमा सहयोग गर्ने; यस्ता प्रयासहरुका लागि प्राप्त हुने अन्तर्राष्ट्रिय सहकार्य र सहायताको स्वागत गर्ने ।

- न्यायिक समितिहरु लगायत आफ्नो क्षेत्राधिकार अन्तर्गत पर्ने तल्लो तहका अदालत र बिशिष्टिकृत अदालत तथा अन्य न्यायिक निकायहरुको सुपरिवेक्षण गर्ने र आवश्यक निर्देशन दिन सक्ने सर्वोच्च अदालतको कार्यादेशको प्रयोग गर्ने ।

**कुटनीतिक समुदायका लागि**

- संक्रमणकालीन न्याय सम्बन्धी कानून नेपालको अन्तर्राष्ट्रिय दायित्व र सर्वोच्च अदालतको विधिशास्त्र अनुरुप होस भन्नका लागि उक्त कानून संशोधन नभएसम्म संक्रमणकालीन न्याय निकायहरुलाई दिइने सहयोग स्थगनलाई जारी राख्ने ।

- वैधानिक रुपमा सरकारी नेतृत्व निर्देशित प्रक्रिया भन्दा बाहिरका स्मारक निर्माण गर्ने सहितका नागरिक समाजको नेतृत्वमा भएका कार्यक्रमहरु र अन्य गैरसरकारी संक्रमणकालीन न्याय प्रक्रियाहरुलाई सहयोग गर्ने ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरुबाट भईरहेका अभिलेखीकरण र अनुगमन सम्बन्धी कार्यक्रमहरुलाई सहयोग गर्ने ।

- मानवअधिकार उल्लङ्घन र दुर्व्यवहारका कारक तत्वहरुलाई सम्बोधन गर्ने र व्याप्त दण्डहीनताको संस्कृतिलाई सम्बोधन गर्ने किसिमले आर्थिक सहयोगका कार्यक्रमहरु तय गर्ने ।

- सार्वजनिक वक्तव्य र गतिविधिहरु मार्फत मानवअधिकार रक्षक र पीडितहरुको समर्थन् गर्ने ।

**राष्ट्रिय मानवअधिकार आयोगका लागि**

- मानवअधिकारको उल्लङ्घन र ज्यादतीका घटनाहरुको प्रभावकारी र विस्तृत अनुसन्धान गर्ने लगायत कडाईका साथ आफ्नो कार्यादेशको अभ्यास गर्ने ।

- आयुक्तहरुको स्वतन्त्रता संरक्षण गर्ने र बाह्य दवावप्रतिको जोखिम न्यूनिकरण गर्ने आन्तरिक संयन्त्रहरु सहित अनुसन्धानहरुको निगरानीमा सुधार ल्याउने उपायहरुको अवलम्बन गर्ने ।

- अनुसन्धानहरुको पूर्ण परिणाम सार्वजनिक गरिएको सुनिश्चित गर्ने, जसमा साक्षीहरुको बयानको गोपनीयता सुनिश्चित गर्ने र मानवअधिकार उल्लङ्घनमा संलग्न भएका राज्यका पदाधिकारीहरुलाई परीक्षण गर्ने वा जवाफदेही बनाउने कदम चाल्न आह्वान गर्ने ।

**सञ्चारमाध्यम र नेपाली मानवअधिकार रक्षकहरु लगायत नागरिक समाजका लागि**

- मानवअधिकारको अभिलेखीकरण र अनुगमनलाई व्यवहारिक कानून र नीतिगत सिफारिसहरुमा रुपान्तरण गर्ने माध्यमको विकास र कार्यान्वयन गर्ने, न्यायिक र नीति निर्माणमा संलग्न निकायहरुसँग संवादमा सहभागी हुने ।

- पीडितहरुको सत्य, न्याय र परिपूरणका अधिकारको सम्मान गरिएको सुनिश्चित गर्न सरकारको नेतृत्वमा रहेको संक्रमणकालीन न्याय प्रक्रिया अन्तर्गतका क्रियाकलापहरुको अनुगमन तथा अभिलेखन गर्ने ।

**प्रादेशिक सरकार र व्यवस्थापिकाहरुका लागि**

- राष्ट्रियस्तरमा अति सामान्य रहेको अपारदर्शी एवं गैरपरामर्शजन्य अवधारणालाई नदोहोऱ्याउन कानून तथा नीति निर्माण प्रक्रियाहरुमा जनताले योगदान दिने अवसर पाएको सुनिश्चितता गर्न समावेशी परामर्श प्रक्रियाहरुको विकास तथा कार्यान्वयन गर्ने ।

- थुना केन्द्र अनुगमन निर्देशिका र प्रादेशिक प्रहरी र अन्य कानून कार्यान्वयन निकायहरुको सञ्चालनलाई स्थापित र नियमन गर्ने संरचना सहित प्रादेशिक कानून तथा नीतिहरु मानवअधिकार अनुरुप रहेको सुनिश्चित गर्ने ।

## Commission Members

March 2020 (for an updated list, please visit www.icj.org/commission)

**President:**

Prof. Robert Goldman, United States

**Vice-Presidents:**

Prof. Carlos Ayala, Venezuela

Justice Radmila Dragicevic-Dicic, Serbia

**Executive Committee:**

Justice Sir Nicolas Bratza, UK

Dame Silvia Cartwright, New Zealand

(Chair) Ms Roberta Clarke, Barbados-Canada

Mr. Shawan Jabarin, Palestine

Ms Hina Jilani, Pakistan

Justice Sanji Monageng, Botswana

Mr Belisário dos Santos Júnior, Brazil

**Other Commission Members:**

Professor Kyong-Wahn Ahn, Republic of Korea

Justice Chinara Aidarbekova, Kyrgyzstan

Justice Adolfo Azcuna, Philippines

Ms Hadeel Abdel Aziz, Jordan

Mr Reed Brody, United States

Justice Azhar Cachalia, South Africa

Prof. Miguel Carbonell, Mexico

Justice Moses Chinhengo, Zimbabwe

Prof. Sarah Cleveland, United States

Justice Martine Comte, France

Mr Marzen Darwish, Syria

Mr Gamal Eid, Egypt

Mr Roberto Garretón, Chile

Ms Nahla Haidar El Addal, Lebanon

Prof. Michelo Hansungule, Zambia

Ms Gulnora Ishankanova, Uzbekistan

Ms Imrana Jalal, Fiji

Justice Kalthoum Kennou, Tunisia

Ms Jamesina Essie L. King, Sierra Leone

Prof. César Landa, Peru

Justice Ketil Lund, Norway

Justice Qinisile Mabuza, Swaziland

Justice José Antonio Martín Pallín, Spain

Prof. Juan Méndez, Argentina

Justice Charles Mkandawire, Malawi

Justice Yvonne Mokgoro, South Africa

Justice Tamara Morschakova, Russia

Justice Willly Mutunga, Kenya

Justice Egbert Myjer, Netherlands

Justice John Lawrence O'Meally, Australia

Ms Mikiko Otani, Japan

Justice Fatsah Ouguergouz, Algeria

Dr Jarna Petman, Finland

Prof. Mónica Pinto, Argentina

Prof. Victor Rodriguez Rescia, Costa Rica

Mr Alejandro Salinas Rivera, Chile

Mr Michael Sfard, Israel

Prof. Marco Sassoli, Italy-Switzerland

Justice Ajit Prakash Shah, India

Justice Kalyan Shrestha, Nepal

Ms Ambiga Sreenevasan, Malaysia

Justice Marwan Tashani, Libya

Mr Wilder Tayler, Uruguay

Justice Philippe Texier, France

Justice Lillian Tibatemwa-Ekirikubinza, Uganda

Justice Stefan Trechsel, Switzerland

Prof. Rodrigo Uprimny Yepes, Colombia

International
Commission
of Jurists

P.O. Box 91
Rue des Bains 33
CH 1211 Geneva 8
Switzerland

**t** +41 22 979 38 00
**f** +41 22 979 38 01
www.icj.org